**Global IME Bank**
ग्लोबल आइएमई बैंक लि.
The Bank For All
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको ईजाजतपत्र प्राप्त संस्था)

मिति : २०७८/०८/०२
च.नं.८५ /०७८/७९

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवारप्लाजा, काठमाण्डौ ।

**विषयः वार्षिक साधारण सभाको जानकारी सम्बन्धमा ।**

महाशय,

यस ग्लोबल आइएमई बैंक लिमिटेडको संचालक समितिको २०७८ साल मंसिर ०२ गते वसेको ३९५ औं वैठकको निर्णयानुसार यस बैंकको १५ औं वार्षिक साधारण सभा मिति २०७८ साल मंसिर २७ गते सोमबार (तद्नुसार १३, डिसेम्बर २०२१) बिहान १० बजे नेपाल प्रज्ञा प्रतिष्ठान कमलादी, काठमाण्डौंमा बस्ने भएको हुँदा शेयरधनीहरुको जानकारीको लागि मिति २०७८/०८/०३ गतेको नयाँ पत्रीका राष्ट्रिय दैनिकमा सार्वजानीक सूचना प्रकाशन गरिने र सो प्रकाशन गरिने सुचनाको मस्यौदा एक प्रति यसै साथ संलग्न राखि पेश गरेको ब्यहोरा जानकारीका लागि अनुरोध छ ।

भवदिय,

......................

(विष्णु प्रसाद बाँस्कोटा)
कम्पनी सचिव

## ग्लोबल आइएमई बैंक लिमिटेडको
## पन्धौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**आदरणीय शेयरधनी महानुभावहरु,**

मिति २०७८ साल मंसिर २ गते बिहिवार बसेको यस बैंकको संचालक समितिको ३९५ औं वैठकले निर्णय गरे अनुसार यस बैंकको पन्धौं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, स्थान र समय :**

मिति : २०७८ साल मंसिर महिना २७ गते सोमबार (तद्नुसार १३ डिसेम्बर, २०२१)
स्थान : नेपाल प्रज्ञा प्रतिष्ठान कमलादी, काठमाण्डौ।
समय : बिहान १०.०० बजे।

(कोभिड-१९ संक्रमणको जोखिमको कारण नेपाल सरकारले स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड अपनाउन तथा भिडभाड नगर्न आग्रह गरेकाले स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड परिपालना गर्दै सभा सम्पन्न गर्नुपर्ने विशेष परिस्थितिका कारण शेयरधनी महानुभावहरु भर्च्युअल (Zoom) मार्फत समेत सहभागि हुनसक्ने गरी Meeting ID/ Password को व्यवस्था गरिएको छ। )

**<u>छलफलका विषयहरु :</u>**

**(क) सामान्य प्रस्तावहरु :**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०७७/०७८ को वार्षिक प्रतिवेदन पारित गर्ने।
२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७७/०७८ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण लगायत वित्तीय विवरण स्वीकृत गर्ने।
३) यस बैंकको सहायक कम्पनी ग्लोबल आइएमई क्यापिटल लि.तथा ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेड समेतको आ.व २०७७/०७८ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated ) वित्तीय विवरण स्वीकृत गर्ने।
४) कम्पनी ऐन,२०६३ को दफा १११ बमोजिम आ.व. २०७८/०७९ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।
५) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व.२०७७/०७८ को मुनाफा समेतबाट चुक्ता पुंजीको ३.५ प्रतिशत नगद लाभांस स्वीकृत गर्ने।

(ख) **विशेष प्रस्तावहरु :**

१) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७७/०७८ को मुनाफा समेतबाट चुक्ता पुँजीको १० प्रतिशत बोनश शेयर स्वीकृत गर्ने ।

२) आ.व. २०७७/०७८ को मुनाफा समेतबाट शेयरधनीहरुलाई बोनश शेयर प्रदान गर्ने प्रस्ताव अनुसार बैंकको जारी तथा चुक्ता पूँजी वृद्धि हुने भएकाले सोको हदसम्म जारी तथा चुक्ता पुँजी कायम हुने गरी प्रवन्धपत्रको दफा ५(ख) र ५(ग) संशोधन गर्ने ।

३) बैंकको पुजी वृद्धिको लागि प्रबन्धपत्र, नियमावली संसोधनको क्रममा नियमनकारी निकायहरुबाट कुनै फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन भएमा सोहि अनुरुप आवश्यक कार्य संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

(ग) **विविध ।**

संचालक समितिको आज्ञाले

कम्पनी सचिव

**साधारण सभा सम्वन्धी थप संक्षिप्त जानकारी:**

१. पन्धौं साधारण सभा, बोनश शेयर तथा नगद लाभांश प्रयोजनका लागि बैंकको शेयरधनी दर्ता किताब मिति २०७८/०८/१३ गते एक दिन बन्द रहने छ। नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा बुकक्लोज भन्दा अगाडीको दिनसम्म कारोवार भई नियमानुसार यस बैंकको शेयर रजिष्ट्रार ग्लोबल आईएमइ क्यापिटल लिमिटेड नक्साल, काठमाडौमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन, बोनश शेयर तथा नगद लाभांश पाउने छन् ।

२. कोभिड १९ संक्रमणको जोखिमका कारण भर्च्युअलरुपमा सभामा भाग लिन चाहनुहुने शेयरधनी महानुभावहरुले आफ्नो हिताग्राहि नम्बर/शेयरधनी नम्वर र परिचय खुल्ने कागजात वा बैंकको शेयर अभौतिकरण गरेको देखिने अभौतिकरण खाता (DMAT Account) को विवरण (BOID Statement) सहित साधारण सभा हुनु भन्दा ४८ घन्टा अगाडि कम्पनी सचिवको सचिवालयको bishwa.subedi@gibl.com.np मा इमेल गर्नुपर्ने छ । यसरी सम्पर्क गर्नुहुने शेयरधनी महानुभावहरुलाई Meeting ID/ Password उपलब्ध गराई सभामा सहभागि हुने व्यवस्था मिलाईने छ ।

३. सभा शुरुहुनुभन्दा एकघण्टा अगाडीबाट भर्चुअल माध्याम खुला गरीनेछ । उक्त एकघण्टाको समयभित्र सभामा सहभागि हुने शेयरधनीहरुले दिएको Meeting ID/ Password को माध्यमबाट Login गरी आफ्नो परीचय, डिम्याट खाता नम्बर र शेयर संख्यासहित उपस्थितिको जानकारी सभालाई दिनुपर्ने छ ।

४. शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा हुनेदिन बिहान ९.०० वजे देखि खुल्ला रहने छ ।सभामा भाग लिन आउने शेयरधनी महानुभावहरुले **शेयर प्रमाणपत्र/निक्षेप सदस्यको वि.ओ.आई.डि.नम्बर,** आफ्नो परिचय खुल्ने प्रमाण (जस्तै नागरिकताको प्रमाण पत्र वा अन्य कुनै परिचय पत्र) सभा हुने दिन अनिवार्य रुपमा साथमा राख्नु पर्ने छ । कोभिड १९ को जोखिमका कारण

सभामा उपस्थित हुँदा सामाजिक दुरी कायम गर्ने, भाईरस संक्रमणबाट बच्न बचाउनको लागि आवश्यक मास्क, पंजा लगायत न्यूनतम् सुरक्षाको उपकरणहरु प्रयोग गर्नुहुन सम्पुर्ण शेयरधनी महानुभावहरुलाई अनुरोध गरिन्छ ।

५. शेयरधनी महानुभावहरुको जानकारीको लागि बैंकको संक्षिप्त आर्थिक विवरण यसै सूचनासंगै प्रकाशित गरिएको छ । कम्पनी ऐन, २०६३ बमोजिमको वार्षिक आर्थिक विवरण, संचालक समितिको प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन शेयरधनीहरुले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा कम्पनीको रजिष्टर्ड कार्यालय, कमलादी काठमाण्डौबाट उपलब्ध गराउन सकिने व्यहोरा जानकारी गराईन्छ । उल्लिखित विवरण बैंकको वेभसाइट ठेगाना WWW.globalimebank.com मार्फत हेर्न सक्नुहुनेछ ।

६. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सो सम्वन्धि निवेदन सभा हुनु भन्दा ४८ घण्टा अगावै यस बैंकको रजिष्टर्ड कार्यालय कमलादी, काठमाण्डौमा दर्ता गराई सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत बैकको शेयरधनी हुनु पर्नेछ ।

७. एकै शेयरधनीले एक भन्दा बढि प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा जुन मुकरित प्रोक्सी बैंकको रजिष्टर्ड कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ सो एक मात्र मान्य हुनेछ र सो बाहेकको प्रोक्सी मान्य हुने छैन । प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सक्नु भएका शेयरधनी स्वयम् सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नुभएमा अगाडी दिइएको प्रोक्सी स्वत: बदर हुनेछ ।

८. असक्षम वा अर्धसक्षम शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा दर्ता भएको व्यक्तिले भाग लिन वा प्रतिनिधी तोक्न सक्नु हुनेछ ।

९. शेयरधनीहरुले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरुको सम्वन्धमा संचालक समितिको तर्फबाट सामूहिक रुपले वा समितिबाट अख्तियारी पाएका व्यक्तिले जवाफ दिन सक्नेछन् ।

१०. छलफलको विषय अन्तर्गत विविध शीर्षक सम्वन्धमा शेयरवाला महानुभावहरुले कुनै बिषय उपर छलफल गर्न चाहनुभएमा सो विषय बारेमा साधारण सभा हुनु भन्दा कम्तिमा ७ (सात) दिन अघि बैंकको रजिष्टर्ड कार्यालय मार्फत बैंकको अध्यक्षलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ । जसबाट त्यस्तो बिषयमा आवश्यक पूर्व तयारी गर्न सजिलो हुने छ ।

११. साधारण सभा सम्वन्धी अन्य जानकारीका लागि बैंकको रजिष्टर्ड कार्यालय कमलादी काठमाण्डौको कम्पनी सचिवको सचिवालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।